
# कार्यालय परिचय

नेपालको संविधान २०७२ को भाग ५ राज्यको संरचना तथा राज्यशक्तिको बाँडफाँड अनुसार एकात्मक राज्यव्यवस्थाबाट मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा पुनरसंरचनामा भए बमोजिम नेपालको संविधान २०७२ भाग ३ धारा ३५ अनुसार नागरिकको स्वास्थ्य सम्बन्धि हकको सुनिश्चता गर्न, स्वास्थ्य उपचार सेवालाई सुदृढ तुल्याउन र स्वास्थ्य सेवा प्रणालीलाई स्थानीयस्तरमा सहजरुपले उपलव्ध तथा प्रभावकारी बनाउँदै वहुसंख्यक नागरिकको स्वास्थ्यस्तरमा सुधार ल्याउनका लागि स्वास्थ्य प्रयोगशालाहरुको महत्वपूर्ण भूमिका रहेको र हाल प्रार्दुभाव भएका तथा पुनः प्रार्दुभाव हुने ( Emerging and Re-emerging) रोगको पहिचान गरी राष्टिय रोग नियन्त्रण कार्यक्रमका लक्ष्यहरु हासिल गर्न आवश्यक भएको , जनस्वास्थ्य एवं चिकित्सकीय (Clinical) सेवासंग सम्बन्धित कार्यहरु जस्तै रोगको खोजपडताल, निदान, रोकथाम, उपचार, अनुसन्धान र स्वास्थ्य प्रवर्द्धनका कार्यहरु प्रभावकारी तथा सर्बसुलभरुपमा प्रयोशालाका नतिजामा भर पर्नेहुँदा प्रयोगशालाको महत्वलाई आत्मसाथ गर्दै नेपालमा स्वास्थ्य प्रयोगशालालाई समयसापेक्ष विश्वसनीय र गुणस्तरीय बनाउन प्रदेशस्तरमा प्रेशण प्रयोगशालाकोरुपमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।०९।०९ को निर्णय अनुसार सामाजिक विकास मन्त्रालय अन्तर्रगत प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्थापना भएको हो । यो प्रयोगशालाले।सुदूरपश्चिम प्रदेश भित्र रहेका सरकारी प्रयोगशालाहरु तथा अन्य विभिन्न प्रयोगशालाहरु संग सम्बन्ध तथा समन्वय राख्दछ ।

**प्रदेशजनस्वास्थ्य प्रयोगशाला को चारओटा शाखा रहेका छन्**



**सुरुवात भइसकेका कार्यहरु**

- प्रदेश भित्रका C समूहका प्रयोगशालाको दर्ता, नविकरण र अनुगमन
- क्षयरोग गुणस्तर नियन्त्रण प्रयोगशालाको स्थापना
- चौमासिक रुपमा Sputum Smear slide हरु को गुणस्तर परिक्षण गरि पृष्ठपोषण संबन्धित स्वास्थ्य सस्थामा पठाउने
- प्रदेश भित्र AFB stain तथा अन्य सामाग्रीहरुको वितरण गर्ने
- Gene Xpert मेसिनको निरीक्षण गरि आवश्यक सहयोग गर्ने
- कोभिड १९ को नमुना संकलन, भण्डारण तथा परिक्षण का लागि पी.सी.आर. प्रयोगशालाहरुमा पठाई सो को अभिलेखीकरण र पर्तिबेदन तयार गरि सम्बन्धित निकायहरुमा पठाउने
- पी.सी.आर. प्रयोगशालाहरुको बैधयता तथा गुणस्तर नियन्त्रण का लागि परिक्षण गरिएका नमुनाहरु रास्ट्रीय जनस्वास्थ्य प्रयोगशालामा पठाउने र सो को नतिजाहरु को जानकारी सम्बन्धित प्रयोगशालाहरूमा पठाउने
- कोभिड १९ को शिघ्र निदान का लागि विभिन्न स्वास्थ्य कार्यालय तथा पालिकाहरु संग समन्वय गरि Antigen परिक्षण घुम्ती शिविर संचालन
- HIV परिक्षण गर्ने प्रयोगशालाहरुलाइ EQAS मा आवद्ध
- प्रयोगशाला संचालन का लागि आवस्यक औजार उपकरण को ब्यावस्था भइसकेको
- प्रयोगशाला सम्बन्धि तालिम, गोष्ठी, सेमिनार आदि संचालन

# सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## प्रदेश जनस्वास्थ्य प्रयोगशालाको संगठन संरचना

निर्देशक,११ तह (स्वा .मे.ल्या.टे/प्याथो)-१

<u>नसर्ने रोग प्रयोगशाला शाखा</u>

ब/कन्सल्टेन्ट प्याथोलोजिष्ट,९/१० तह (स्वा/प्याथो)-१

ब.मेडिकल टेक्नोलोनिष्ट,७/८स्वा/मे लेया टे)-१

संक्रामक रोग प्रयोगशाला शाखा

ब/कन्सल्टेन्ट माईक्रोबायोजिष्ट,९/१० तह (स्वा/प्याथो)-१

ब.मेडिकल टेक्नोलोनिष्ट,७/८( स्वा/मे लेया टे)-१

ब.ल्याब टेक्नोलोनिष्ट,५/६ (स्वा/मे लेया टे)-१

गुणस्तर नियन्त्रण तथा तालिम शाखा

स उ प्र मे टे,९/१० तह (स्वा/मे/ल्या टे)-१

ब/ ल्याव टे नि ,५/६ तह (स्वा/मे/ल्या टे)-१

ब/ ल्याव अ/ नि ,४/५/६ तह (स्वा/मे/ल्या टे)-१

आर्थिक तथा प्रशासन शाखा

<u>आर्थिक प्रशासान</u>

लेखापाल,रा प्र अं प्र प्र(प्र/लेखा)-१

<u>समान्य प्रशासन</u>

नासु,रा प्र अं प्र प्र(प्र/सा.प्र.) -१

ह स चा श्रेणीविहिन-१

का स श्रेणीविहिन-2

यस प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गत निम्न चार किसिमको शाखाहरुले तल उल्लेखित कार्य गर्दछ ।

**<u>क. नसर्ने रोग प्रयोगशाला शाखा</u>**

- नसर्ने रोग प्रयोगशाला सम्बन्धी प्रदेश स्तरमा आवश्यक कानून, नीति तथा मापदण्ड निर्माणका लागि आवश्यक सहयोग गर्ने ।
- नसर्ने रोग प्रयोगशाला सम्बन्धी निर्देशिका, प्रोटोकल तथा मापदण्ड एवं गुणस्तर निर्धारण सम्बन्धी कार्यहरू गर्ने ।
- डाइविटिज, किड्नी, लिभर, मुटु तथा अन्य वातावारणीय एलर्जी )इम्युनोलोजी आदि सम्बन्धी) रोगहरुको प्रेषण प्रयोगशाला सम्बन्धी कार्य गर्ने ।
- न्यूट्रिसनल, मेटावोलिक तथा हर्मोनल सम्बन्धी रोगहरुहरुको प्रेषण प्रयोगशाला सम्बन्धी कार्य गर्ने ।
- सिकलसेल, थालासेमिया तथा अन्य रगत रोगहरुको लागि प्रेषण प्रयोगशाला सम्बन्धी कार्यहरु गर्ने ।
- क्यान्सर सम्बन्धी रोगहरुको निदान तथा प्रेषण प्रयोगशाला सम्बन्धी कार्यहरु गर्ने ।
- नसर्ने रोगहरुको प्रयोगशाला परीक्षण सम्बन्धमा अनुसन्धनात्मक कार्यहरु सञ्चालन गर्ने र अनुसन्धानका नतिजाहरु प्रदेश भर सञ्चालित प्रयोगशालाहरुमा आदन प्रदान गर्ने ।
- नसर्ने रोगहरुको सर्भिलेन्स सम्बन्धी कार्यहरु गर्ने साथै प्रदेश भित्रका सर्भिलेन्सका नतिजाहरुका सम्बन्धमा आवश्यकता अनुसार समन्वय गर्ने ।
- नमुना संकलन सम्बन्धी कार्यहरु गर्ने, बिलिङ्ग सम्बन्धी कार्यहरु गर्ने

**<u>ख. संक्रामक रोग प्रयोगशाला शाखा</u>**

- संक्रामक रोग प्रयोगशाला सम्बन्धी प्रदेश स्तरमा आवश्यक कानून, नीति तथा मापदण्ड निर्माणका लागि आवश्यक सहयोग गर्ने ।
- संक्रामक रोग प्रयोगशाला सम्बन्धी निर्देशिका, प्रोटोकलतथा मापदण्ड एवं गुणस्तर निर्धारण सम्बन्धी कार्यहरू गर्ने ।
- अर्बोभाइरल (लामखुट्टेको टोकाई बाट सर्ने जे.ई, .डेंगु, चिकनगुनिया) तथा जुनोटिक रोग को सर्भिलेन्स सम्बन्धी कार्य ।
- इम्युनाइजेशन प्रिभेन्टेबल रोगहरु (मिजल्स, रुवेला तथा पोलीयो) को सर्भिलेन्स सम्बन्धी कार्य ।
- एण्टिमाइक्रोवियल रेसिस्टेन्स (AMR) को सर्भिलेन्स सम्बन्धी कार्य ।
- खाद्य सामाग्री तथा पानीको गुणस्तर सम्बन्धी माइक्रोवायोलोजिकल सर्भिलेन्स सम्बन्धी कार्य ।
- डायरियल रोगहरु (Rota, Cholera), श्वास प्रश्वास सम्बन्धी रोगहरु (RSV, swine फ्लु, रुघाखोकी, CORONA) को, फंगसबाट लाग्ने रोगहरुको तथा इन्फुलेन्जा सर्भिलेन्स सम्बन्धी परीक्षणको प्रेषण प्रयोगशाला सम्बन्धी कार्यहरु गर्ने।

- एच.आई.भि. रिफरेन्स ल्याब (एच.आई.भि. भाइरललोड, एच.बि.एस.ए.जी, एच.सि.भि., सि.डि.फोर, इ.आइ.डि) सञ्चालन गर्ने ।
- परजिवी सम्बन्धी मलेरिया, कालाजर, हात्तिपाइले, आदि) प्रेषण प्रयोगशाला सञ्चालन गर्ने ।
- टि.बि. सम्बन्धी प्रेषण प्रयोगशाला सञ्चालन गर्ने ।
- संक्रामक रोग सम्बन्धी अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने र अनुसन्धानका नतिजाहरु वितरण गर्ने ।
- महामारी रोकथाम नियन्त्रणको लागि सबै सम्बन्धित शाखा / उपशाखाका पदाधिकारीहरु समेटिएको एउटा महामारी रोकथाम समिति गठन गरिने छ र उक्त समितिको समन्वयको कार्य इपिडिमियोलोजिष्टले गर्नेछन् ।

**ग. गुणस्तर नियन्त्रण तथा तालिम शाखा**

- संक्रामक रोग, क्यान्सर, न्यूर्टेन्ट रोग तथा रक्त सञ्चार सेवाको गुणस्तर नियन्त्रणको लागि आवश्यक गुणस्तर नियन्त्रण सम्बन्धी नमुनाहरु तयार गर्ने ।
- तयार गरिएका गुणस्तर नियन्त्रण नमुनाहरु मासिकरुपमा प्रादेशिक प्रयोगशालाहरुमा पठाउने ।
- प्रादेशिक प्रयोगशालाहरुबाट गुणस्तर नियन्त्रणका लागि पठाइएको नमुनाहरुको परीक्षणको नतिजा संकलन गर्ने, विश्लेषण गर्ने र आवश्यक पृष्ठपोषण गर्ने ।
- गुणस्तर नियन्त्रण कार्यमा सम्लग्न प्रादेशिक प्रयोगशालाहरुको अन साइट भ्रमण गर्ने सेवा गुणस्तर सम्बन्धी कार्यको भौतिकरुपमै निरीक्षण गर्ने ।
- प्रादेशिक प्रयोगशालाहरुका प्रयोगशालाकर्मीहरुमा (ToT) तालिम प्रदान गर्नुका साथै प्रयोगशाला सेवा सञ्चालनकालागि आवश्यक सहयोग गर्ने ।
- प्रादेशिक प्रयोगशालाहरुमा विश्व स्वास्थ्य संगठन तथा ISO जस्ता संस्थाहरुको मान्यता प्राप्त गराउन आवश्यक सहजीकरण गर्ने ।
- व्याक्टेरियोलोजी सम्बन्धी आधारभूत तालिमका साथै AMR सम्बन्धी तालिमहरु सञ्चालन गर्ने ।

**घ. आर्थिक तथा प्रशासन शाखा**

- प्रयोगशालाका कर्मचारीहरुको हाजिर तथा विदा ब्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- प्रयोगशालाका कर्मचारीहरुको ब्यक्तिगत विवरण अध्यावधिक गर्ने ।
- प्रयोगशाला अन्तरगत दर्ता, चलानी सम्बन्धी कार्य गर्ने ।
- प्रयोगशालाको भवनको सुरक्षा, सरसफाई, बत्ति, पानी तथा टेलिफोनको प्रवन्ध लगायत आन्तरिक प्रशासन सम्बन्धी अन्य कार्य गर्ने ।
- प्रयोगशालामा रहेका सरसामानहरुको रेखदेख तथा मर्मत सम्भारको ब्यवस्था मिलाउने ।
- प्रयोगशाला अन्तरगत जिन्सी ब्यवस्थापन गर्ने ।
- प्रयोगशालाको कामका सिलसिलामा आईपर्ने अन्य प्रशासनिक कार्यहरु गर्ने ।

- प्रयोगशाला र अन्तरगतका कार्यालयका लागि आर्थिक विवरण तयार गर्ने ।
- प्रयोगशाला अन्तरगत अख्तियारी व्यवस्थापन तथा रकमान्तर गर्ने ।
- प्रयोगशाला अन्तरगतका शाखाहरुको बजेट निकासा गराउने ।
- प्रयोगशालाको आन्तरिक लेखा परिक्षण गराउने ।
- प्रयोगशाला अन्तरगतका कार्यालयहरुको अन्तिम लेखा परीक्षण गराउने ।
- प्रयोगशाला अन्तरगत बेरुजुको लगत राख्ने तथा बेरुजु फछ्र्यौट गराउने ।
- प्रयोगशालाको कार्य संचालनको निकासा लिने ।
- प्रयोगशाला अन्तरगत बिलिङ्गो कार्य गर्ने ।
- प्रयोगशालाको दैनिक कार्य संचालनको लागि खर्च भएको रकम भुक्तानी दिने ।
- प्रयोगशालाको आर्थिक तथा आन्तरिक प्रशासन सम्बन्धी मासिक तथा वार्षिक विवरण तयार गर्ने ।
- प्रयोगशालाको आर्थिक प्रशासनसंग सम्बन्धित राय सल्लाह प्रदान गर्ने ।
- संघीयस्तरको वार्षिक कार्य योजना तर्जुमा प्रक्रिया तथा कार्यान्वयनमा समन्वय तथा सहयोग गर्ने ।